**राष्ट्रिय बाणिज्य बैंक र नेपाल घरेलु तथा साना उद्योग महासंघ** बिच कृषि उद्यम, युवा उद्यमी र महिला उद्यमशिता कर्जा मार्फत वित्तिय पहुँच अभिवृद्धिका लागि सहकार्य गर्ने सम्बन्धमा गरिएको

Memorandum of Understanding (MoU)

सहमती पत्र

लघु, घरेलु तथा साना र महिला तथा युवाद्वारा सञ्चालित उद्योग व्यवसायलाई सर्वसुलभ ढंगले वित्तिय पहुँच पुऱ्याउने वातावरण तयार गर्न नेपाल सरकारद्वारा घोषणा गरिएका सहुलियतपूर्ण कर्जा कार्यक्रमहरु र लघु, घरेलु तथा साना उद्योगको वित्तिय पँहुच बृद्धि गराउन आवश्यक कर्जा समेतको कार्यान्वयनमा सहजिकरण गरि लघु, घरेलु तथा साना उद्योगको प्रवर्द्धन मार्फत राष्ट्रिय अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने उद्देश्यले राष्ट्रिय वाणिज्य बैंक र नेपाल घरेलु तथा साना उद्योग महासंघ बिच यो सहमती भएको छ ।

१. यो सहमती पत्रमाः **राष्ट्रिय बाणिज्य बैंक,-** शहर तथा ग्रामिण क्षेत्रका नेपाली जनतालाई सहज रुपमा बैकिङ्ग सेवा उपलब्ध गराउने उद्देश्यका साथ २०२२ माघ १० मा सरकारी स्वामित्वमा स्थापित र नेपालकै ठूलो बाणिज्य बैंक हो । मुलुकभर शाखाहरु क्रियाशिल रहेको बाणिज्य बैंकलाई यस पछि **प्रथम पक्ष** भनिएको छ ।

२. यो सहमती पत्रमाः **नेपाल घरेलु तथा साना उद्योग महासंघ,-** लघु, घरेलु तथा साना उद्योगहरुको हक र हितको संरक्षण र सम्बर्द्धन गर्दै यस क्षेत्रको विकास र प्रवर्द्धन मार्फत मुलुकलाई औद्योकिरणतर्फ उन्मूख गराउन सहयोग पु-याउने उद्देश्यका साथ २०४७ सालमा स्थापना भएको छाता संस्था हो । मुलुकभर संजाल रहेको महासंघ अन्तरगत ६० जिल्लामा जिल्ला महिला उद्यमी समितिको विस्तार भई ११ हजारभन्दा बढी महिला उद्यमीहरु सदस्य रहेको केन्द्रीय महिला उद्यमी समिति पनि महासंघमा कृयाशिल छ । भ्रण्डै ३५ हजार उद्यमी साधारण सदस्य रहेको यस महासंघ अन्तर्गत २४ वटा वस्तुगत संघहरु संस्थागत सदस्यको रुपमा आवद्ध छन् भने विधानतः निश्चित पुँजी भएका विभिन्न उद्योग प्रतिष्ठानहरु यस महासंघका एसोसिएट सदस्य रहेका र यस अन्तर्गत स्वच्छ सवारी साधन (सफा टेम्पो समेत), चार्जिङ गर्ने चार्जिङ स्टेशनहरु समेत महासंघका एशोसिएट सदस्य रहेका छन भने सहकारी सदस्य र महासंघ अन्तरगतका वस्तुगत संघका सदस्य रहेका छन् । त्यसैगरी, सहकारी मार्फत सञ्चालित उद्योग, कृषिमा आधारित उद्यम संचालन गर्ने युवाहरु समेत महासंघका सदस्य रहेका छन् जसलाई यस पछि **दोश्रो पक्ष** भनिएको छ ।

३. यस सहमती पत्रको वाक्याशंहरुमा यस पछि सदस्य भनी उल्लेख गरिएको शब्दले महासंघका साधारण सदस्य, एशोसिएट सदस्य, सहकारी सदस्य र महासंघ अन्तरगतका वस्तुगत संघका सदस्यलाई समेत जनाउने छ ।

४. दोश्रो पक्षका सदस्यहरुले कर्जा माग गर्दा दोश्रो पक्षबाट सिफारिस भए पछि मात्र प्रथम पक्षबाट कर्जा सम्बन्धी कारवाही अगाडी बढाईने छ ।

त्यसैले, तोकिएका क्षेत्रका उद्यमीहरुको वित्तिय पहुँच अभिवृद्धि गर्न प्रथम पक्ष र द्वितिय पक्ष बिच निम्न बुदाँहरुमा सहमति भई यो सहमती पत्र (Memorandum of Understanding) मा हस्ताक्षर गरि १।१ प्रति लियौ दियौ ।

**सहमतीका बिषयहरुः**

१) प्रथम पक्षले निर्धारण गरेको बिधि र प्रकृयामा दोश्रो पक्षले निम्न बमोजिमका कर्जामा सदस्य उद्यमीहरुलाई सहजिकरण गर्ने छ ।

सहुलियतपूर्ण कर्जा कार्यक्रम अन्तरगतः

क) व्यवसायीक कृषि तथा पशुपंक्षि कर्जा
ख) शिक्षित युवा स्वरोजगार कर्जा
ग) बैदेशिक रोजगारबाट फर्केका युवा परियोजना कर्जा
घ) दलित समुदाय व्यवसायीक कर्जा
ङ) महिला उद्यमशिलता कर्जा

नियमित कर्जा अन्तरगतः

क) स्वच्छ वातावरणिय सवारी साधन कर्जा
ख) लघु, घरेलु तथा साना उद्योग कर्जा

२) बुँदा १ मा उल्लेखीत कर्जाबारे सम्बन्धीत सदस्य उद्यमीहरुलाई सुसुचित गर्ने, अभिमुखिकरण गर्ने, प्रथम पक्षले निर्धारण गरे अनुरुपको ढाँचामा व्यवसायीक योजना तयार गर्ने र अन्य आवश्यक कागजातको तयारी गरि सम्पूर्ण कागजात सहित कर्जा माग गर्न प्रथम पक्ष समक्ष पेश गर्न दोश्रो पक्षले सहयोग गर्नेछ ।

३) दोश्रो पक्षको सिफारिस पत्र समेत संलग्न भई आएको कर्जा माग आवेदन माथी प्रथम पक्षले बैंकको प्रचलित ऐन,कानून, नियमको परिधिभित्र रही आवश्यक प्रकृया पूरा गरि कर्जा प्रवाह गर्ने व्यवस्था मिलाउने छ । यसरी प्रवाह गरिने कर्जाको ब्याजदर सुहलियतपूर्ण कर्जाका सम्बन्धमा तोकिएको अनुसार हुनेछ भने ऋण प्रवाहको अवधी, ब्याजदर, किस्ता, साँवा ब्याज भुक्तानी तालिका प्रथम पक्षले निर्धारण गरे बमोजिम हुनेछ ।

४) दोश्रो पक्षले कर्जा मागको तयारी, व्यवसायीक योजना र अन्य कागजात तथा कर्जा पछिको पृष्ठपोषण र कर्जा अनुगमनका लागी आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

५) दोश्रो पक्षको शिफारिसमा प्रथम पक्षबाट प्रवाह भएको कर्जाको असुली गर्नु दोश्रो पक्षको समेत दायित्व हुनेछ । कर्जा खराब नहोस भन्नका खातिर दोश्रो पक्षले उद्यमी छनौटमा बिषेश ध्यान दिने र कर्जा प्रवाह पश्चातको कर्जा अनुगमन र पृष्ठपोषणको कार्य गरी कर्जा असुली कार्यमा प्रथम पक्षलाई सहयोग गर्नु पर्नेछ ।

६) प्रथम पक्षले दोश्रो पक्षलाई कर्जाका विविध पक्षका बारेमा सम्भावित कर्जा माग गर्ने उद्यमीहरु बिच सूचना प्रवाह गर्न तालिम दिने, अनुशिक्षण कार्यक्रमको आयोजना गर्ने तथा कर्जाका बारे जनचेतनामुलक कार्यक्रमहरुको आयोजनाका लागी आवश्यकता अनुसार प्राविधिक सहयोग गर्नेछ ।

७) स्वच्छ सवारी साधन कर्जा र सफा टेम्पोको हकमा दोश्रो पक्षका एसोसियट सदस्य चार्जिङ्ग स्टेशनको कर्पोरेट र संचालकको व्यक्तिगत जमानतका साथै सम्बन्धित ऋणीको व्यक्तिगत जमानत पनि अनिवार्य रुपमा लिनु पर्नेछ ।

८) यो सहमती पत्रको कार्यन्वयनको अनुगमनका लागी प्रथम पक्ष र दोश्रो पक्षका तोकिएका पदाधिकारीहरु रहने गरि एक संयोजन समिति बनाइने छ र उक्त समितिलेले यस सहमती पत्रमा नपरेका तर कार्यान्वयनका क्रममा आउने बिषयहरुलाई सम्बोधन गर्ने छ ।

९) यो सहमती पत्र हस्ताक्षर गरेको मिति देखि लागू हुने छ । प्रत्येक बर्ष आपसी सहमतीमा नविकरण गर्न सकिनेछ ।

१०) प्रथम पक्ष र दोश्रो पक्ष बिच हुने सबै प्रकारका सुचना आदान प्रदानहरु लिखित माध्यमबाट हुने र सोको रेकर्ड दुबै पक्षबाट राखिने छ ।

११) यो सहमती पत्रमा दुबै पक्षले आपसी सहमतीमा वा कुनै एक पक्षले छोड्न चाहेमा ३० दिनको लिखित सुचना दिई दुबै पक्ष बिच छलफल भई सहमतीबाट अलग रहन सकिनेछ ।

१२) प्रथम पक्ष र दोश्रो पक्षको निम्न सम्पर्क पदाधिकारीको माध्यमबाट यो सहमतीलाई प्रचार प्रसार गर्ने र यस्को कार्यान्वयनबारे नियमित सम्पर्कमा रहने व्यवस्था गरिने छ ।

**क) प्रथम पक्ष : राष्ट्रिय बाणिज्य बैंक**

नाम : नारायण प्रसाद लामिछाने
पद : विभागीय प्रमुख
ठेगाना : राष्ट्रिय बाणिज्य बैंक
सम्पर्क नं .९८५११३३८८१ इमेल : narayan.lamichhane@rbb.com.np

**ख) दोश्रो पक्ष : नेपाल घरेलु तथा साना उद्योग महासंघको कार्यालय,**

नाम : डम्बर प्रसाद रेग्मी
पद : महासचिव
ठेगाना : नेपाल घरेलु तथा साना उद्योग महासंघको कार्यालय
मोबाईल नं. : ९८५१०९१५०७
सम्पर्क नं. : ०१४२२२७५१ मो. इमेल : **fncsi@ntc.net.np**

१३) यो सहमती पत्रमा उल्लेख भएका विषयहरुको कार्यान्वयन गर्दा लाग्ने सबै प्रकारका व्ययभारहरु अन्य व्यवस्था नभएको हकमा प्रथम पक्षले गर्ने खर्च प्रथम पक्षको र द्बितिय पक्षले गर्ने खर्चहरु द्बितिय पक्षको नै जिम्मेवारी रहनेछ र यस बाहेक अन्य केहि विषयहरु उठान भएमा दुवै पक्षको सहमतीमा कार्यान्वयन गरिने छ ।

१४) सहमती पत्रमा हस्ताक्षर :

| **प्रथम पक्षको तर्फबाट** | **दोश्रो पक्षको तर्फबाट** |
|---|---|
| नाम : किरण कुमार श्रेष्ठ | नाम : श्याम प्रसाद गिरी |
| पद : प्रमुख कार्यकारी अधिकृत | पद : अध्यक्ष नेपाल घरेलु तथा साना उद्योग महासंघ |
| हस्ताक्षर : | हस्ताक्षर : |
| कार्यलयको छाप : | कार्यलयको छाप : |
| **साक्षी :** | **साक्षी :** |
| नाम : कविराज अधिकारी | नाम : डम्बर प्रसाद रेग्मी |
| पद : नायब प्रमुख कार्यकारी अधिकृत | पद : महासचिव |
| हस्ताक्षर : | हस्ताक्षर : |

मिति : २०७६ साल असार १६ गते रोज ५ शुभम्